ज.प्र.का.म.द.नं.४८/०७३/०७४

- वर्ष ६, अंक १४०
- ११ फागुन २०७९ बिहीवार
- 22 Feb. 2023, Wednsday
- www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## सिरहाबाट प्रहरीको हतियार सहित नौ लाख रुपैयाँ लुटियो

**सिरहा**/सिरहाबाट दिनदहाडै प्रहरीको हतियारसहित नौ लाख रुपैयाँ लुटपाट गरिएको छ । बुधबार दिउँसो जिल्लाको मिर्चैया-कल्याणपुर सडक खण्डस्थित कटहा पुलनजिकैबाट मनि ट्रान्सफरका कर्मचारीको साथबाट लुटेराले नौ लाख रुपैयाँ लुटेका हुन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेशराज पाण्डेले ज६प ४२५६ नम्बरको मोटरसाइकलमा सवार भई मिर्चैयाबाट कल्याणपुरतर्फ गइरहेका कल्याणपुरस्थित राजाराम मनि ट्रान्सफरका कर्मचारीको साथबाट नौ लाख रुपैयाँ लुटपाट गरिएको जानकारी दिए ।

उनले घटनाको थप विवरण आउन बाँकी रहेको बताए । डिएसपी पाण्डेले अहिले खोजतलासमा लागेकाले थप विवरण पछि दिने बताए ।

लुटेराले प्रहरीको सुरक्षा लिएर गइरहेका मनि ट्रान्सफरका कर्मचारीको साथबाट रकमसहित प्रहरीको हतियारसमेत लगेको बताइएको छ ।

लुटेरा खोज्न सिरहाका हरेक सडक खण्डमा प्रहरी परिचालन गरिएको छ ।

## मधेशका मुख्यमन्त्रीलाई सहयोग गर्न जसपाले बनायो परामर्श समिति

**जनकपुर**/जनता समाजवादी पार्टी (जसपा) नेपालले मधेश प्रदेश सरकारका मुख्यमन्त्री रोजकुमार यादवलाई पार्टीको तर्फबाट आवश्यक सल्लाह, सुझाव र सहयोग गर्न पार्टीका कार्यकारिणी समिति सदस्य लालबाबु राउतको संयोजकत्वमा परामर्श समिति गठन गरेको छ।

समितिको सदस्यमा गोविन्द चौधरी, दीपक कार्की, लालकिशोर साह हुनुहुन्छ। मुख्यमन्त्री सरोजकुमार यादवले समितिको सचिव भएर काम गर्नु हुनेछ।समितिले पार्टीको निर्देशन अनुसार मुख्यमन्त्रीलाई समय समयमा आवश्यक सल्लाह सुझाव र सहयोग गर्नुका साथै पार्टी र सरकार बीचको समन्वय गर्ने कार्य गर्नेछ।

केन्द्रीय कार्यकारिणी समितिको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि जसपाले मातहत समितिलाई बुधबार परिपत्र गरेको छ।

## दलित ऐन संशोधनसहित कार्यान्वयन गर्छौं : मन्त्री साह

**खबर दर्पण समाचारदाता**

**फागुन १० गते, जनकपुर**



मधेश प्रदेशकी समाजिक विकास मन्त्री सुरिता साहले दलित सशक्तिकरण ऐन संशोधन गरी पुर्ण कार्यान्वयनमा ल्याउने बताएकी छिन ।

दलित विकास समिति मधेश प्रदेशकी अध्यक्ष समेत रहेकी मन्त्री साहले दलित विज्ञहरु र स्थानीय तहका जनप्रतिनिधिसंग छलफल गरी दलित सशक्तिकरण ऐन कार्यान्वयनकालागि ऐन र नियमावली संशोधन गरिने बताइन ।

नेपाल मधेश फाउण्डेशनले जनकपुरमा बुधबार आयोजना गरेको दलित सशक्तिकरण ऐन कार्यन्वयन: अवसर र चुनौति विषयक नीति सम्वाद कार्यक्रममा मन्त्री साहले ऐनको अनुपम र सकारात्मक पक्षलाई तत्काल कार्यन्वयनमा ल्याउने बताइन । दलित सशक्तिकरणकालागि बनाइएको ऐन कार्यन्वयन गर्ने निकाय समाजिक विकास मन्त्रालय नै हो, उनले भनिन्, 'ऐनमा व्यवस्था गरिएको अधिकार लडेर डटेर भएपनि दलितलाई दिलाउने छौ । ' ऐन कार्यन्वयनकालागि जोस्तो सुकै शक्ति लगाउन पछि पर्दिन, उनले भनिन ।

मधेश प्रदेश सरकारले दलित समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक विकासको लागि बनाएको दलित सशक्तिकरण ऐन कार्यन्नकालागि १३६ स्थानीय तहमा अनुगमन समिति गठन गर्न मन्त्रालयले सक्रियता बढाए दलित समुदायको शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार गर्न ऐन कार्यान्वयन गर्ने पर्ने मन्त्री साहले बताइन । कार्यक्रममा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री संजय यादवले दलित सशक्तिकरण ऐनमा व्यवस्था भएअनुसारको अनुगमन समिति तत्काल स्थानीय तहमा गठन गर्न प्रदेश सांसदहरुले सक्रियता बढाउनु पर्नेमा जोड दिए ।

जनमत पार्टीका प्रदेश सांसदहरुले तत्काल अफु निर्वाचित प्रदेश निर्वाचन क्षेत्रको स्थानीय तहमा समिति गठनकालागि पहल गर्ने प्रतिबद्धता जनाउदै मन्त्री यादवले दलित सशक्तिकरण ऐन र नियमावलीमा व्यपक सुधारको आवश्यक्त रहेको बताए । प्रयाप्त अध्ययन गरी ऐन र नियमावली विस्तार गर्नु पर्ने मन्त्री यादवले उल्लेख गरे । नेकपा एमाले मधेश प्रदेश संसदीय दलका सचेतक लखन दास तत्माले दलित सशक्तिकरण ऐन ल्याउने सरकारका मुख्यमन्त्री लालबाबु राउतले नै ऐन कार्यान्यवनको बाधक बनेको आरोप लगाए । ऐन बनाउने मुख्यमन्त्रीले सरकारमा दलितको प्रतिनिधित्व नै गराएन, सांसद दासले भन,'ऐन बनाएको भाषण गरे ।

तर व्यवहारमा लागु गरेनन ।' सरकार मुख्यमन्त्री नै ऐन विपरित काम गरेका कारण ऐन बनेको तीन वर्ष सम्म पनि कार्यान्वयन हुन सकेन उनले भने । दलित विकास समितिका उपाध्यक्ष रामप्रवेश बैठाले राजनीति दलका नेता इमन्दार नहुदा दलित सशक्तिकरण ऐन कार्यन्वयन गर्न समस्या भएको बताए । ऐनमा व्यवस्था भएको अधिकार दलितलाई दिन राजनीति दलनै बाधक हो, उपाध्यक्ष बैठाले भने, ' दलका नेताले दलितको भोट माग्छन । तर अन्यायमा परेका दलितबारे बारे बोल्दैन ।' प्रदेश सरकारले बनाएको दलित सशक्तिकरण ऐन कार्यान्वयन नहुदा अन्यायमा परेका दलितहरुको उजुरी समेत प्रहरीले लिन अस्विकार गरेको बैठाले बताए ।

कार्यक्रममा एमालेका प्रदेश सांसद शारदा थापा, जसपाकी प्रदेश सांसद ललिता दास, जनमतकी प्रदेश सांसद रंजु खंग, चन्द्रनगर नगरपालिकाका अध्यक्ष राजकुमार महतो सहित दलित अगुवा, नागरिक अगुवाहरुले दलित सशिक्तकरण ऐन कार्यान्वयनका लागि प्रदेश सरकार गम्भिर बन्नु पर्ने बताए ।

राष्ट्रिय हातिपाईले रोग नियन्त्रण कार्यक्रम २०७९

२०७९ फाल्गुण ११ देखि शुरु हुन गइरहेको

आम औषधी सेवन अभियान

सबैले हातिपाईले रोग (फाईलेरिया) विरुद्धको औषधी सेवन गरौ !

अशक्त, अपाङ्ग र कुरुप गराउने दीर्घ रोगबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔ !!

महत्वपूर्ण जानकारी

- लक्षण नदेखिए पनि शरीरमा हात्तीपाइले रोगको परजीवी हुनसक्छ ।
- यो रोग लागिसकेपछी पुरै निको पार्न सकिदैन ।
- बेलैमा औषधी खाएमा शरीरको परजीवी नष्ट हुन्छ, रोग लाग्दैन र परिवार तथा समुदायका अरुलाइ पनि सर्दैन ।
- आम रुपमा सेवन गरिने हात्तीपाइले बिरुद्धका औषधीहरु अत्यन्तै प्रभावकारी र सुरक्षित छन् ।



बर्दिबास नगरपालिका
स्वास्थ्य शाखा, महोत्तरी

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं ।

शिक्षा दिएर असल नागरीक बनाऔं ।

गौशाला नगरपालिका कार्यालय
महोत्तरी

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा डढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# स्वास्थ्यमा सबैको सहज पहुँच हुनुपर्छ

नेपालमा स्वास्थ्य क्षेत्र विकासक्रमको इतिहास लामो छ । यसको पृष्ठभूमिलाई समीक्षा गर्दा सत्रौं शताब्दीमा सिंहदरबार दरबार वैद्यखाना खुलेपछि मात्र आयुर्वेद उपचारको विकास भएको पाइन्छ । वि.सं. १९४७ मा वीर अस्पतालको स्थापना भएपछि आधुनिक चिकित्सा प्रणालीको सुरुवात भएको हो । स्वास्थ्य क्षेत्रको विकासक्रम वि.सं. २०१३ पहिलो आवधिक योजनासँगै भएको पाइन्छ । यसपछिका केही दीर्घकालीन स्वास्थ्य योजनाको तर्जुमा र कार्यान्वयनपछि स्वास्थ्य क्षेत्रको समग्र विकासमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

साथै २०४६ को राजनीतिक परिवर्तनपछि पहिलो पटक राष्ट्रिय स्वास्थ्य नीति, २०४८ ले गाउँ स्तरमा प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीको स्थापना गर्न उल्लेख्य सहयोग गरेको पाइन्छ । यो रणनीतिले आधारभूत स्वास्थ्य सेवालाई केन्द्रमा राख्दै स्वास्थ्य क्षेत्रको संरचनागत विकास र विस्तारलाई सुदृढीकरण गर्न निजी क्षेत्रको लगानी र समुदायको सहभागिता बढाउन प्राथमिकता दिएको पाइन्छ । त्यसैगरी, राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले सङ्घीय संरचनामा सबै वर्गका नागरिकको लागि सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग सुनिश्चित गर्ने महत्वाकाङ्क्षी लक्ष्य राखेको छ । अर्कोतर्फ, स्वास्थ्यमा सर्वव्यापी पहुँच सुनिश्चित गर्न राष्ट्रियस्तरमा विभिन्न नीतिगत प्रयास पनि भएका छन् । यसै सन्दर्भमा, पन्ध्रौं योजना (२०७६-७७-२०८०-८१), नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७), दिगो विकास लक्ष्य (२०७३-२०८७) लगायतका स्वास्थ्यसम्बन्धी नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ पनि लागू भइसकेको छ । राष्ट्रियस्तरका बहुक्षेत्रीय पोषण योजना, नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०२१-२०२५) लगायत आधारभूत तथा निःशुल्क स्वास्थ्य सेवा तथा उपचार, एकीकृत बाल स्वास्थ्य र पोषण, विपन्न स्वास्थ्य उपचार, ज्येष्ठ नागरिक स्वास्थ्य उपचारजस्ता सेवाहरूलाई अझ बढी समावेशी र प्रभावकारी बनाउन स्थानीय तहका स्वास्थ्य संस्थाको क्षमता बढाउनुपर्ने देखिन्छ ।

# राष्ट्रपतिमा तानातानबीच चिनियाँ राजदूतको ‘अर्थपूर्ण सक्रियता’, प्रचण्ड र नेपाललाई एकैदिन भेटे

नयाँ राष्ट्रपतिलाई लिएर नेपालका दलहरुबीच तानातान चलिरहेका बेला उत्तरी छिमेकी चीनका राजदूतले आफ्नो सक्रिया बढाएका छन्।

फागुन ५ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग बालकोट पुगेर वार्ता गरेका चिनियाँ राजदूत चेन सोङले बुधबार एकैदिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाललाई भेटेका छन्।

राजदूत चेन सोङ बुधबार बिहान ९ बजे प्रधानमन्त्रीलाई भेट्न बालुवाटार पुगेका थिए। स्रोतका अनुसार त्यहाँ उनले प्रचण्डसँग करिब एक घण्टा लामो छलफल गरेका थिए।

लामो समयदेखि नेपालका कम्युनिष्ट पार्टीलाई एकै ठाउँ ल्याउने कोसिसमा लागिरहेको उत्तरी छिमेकीका राजदूतको यो सक्रियतालाई अर्थपूर्ण मानिएको छ।

यही शनिबार (फागुन १३ गते) राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारी दर्ता हुँदैछ। राष्ट्रपति निर्वाचन आगामी फागुन २५ गते हुँदैछ।

यस्तोमा पुस १० गते सात दलीय गठबन्धन बन्दा भएकव समझदारीअनुसार राष्ट्रपति आफूले पाउनुपर्ने पक्षमा एमाले रहेको छ। अर्कातिर पुस ११ मा १६९ सांसदको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले पुस २६ मा कांग्रेसको पनि विश्वासको मत पाएपछि र ाष्ट्रपतिमा राष्ट्रिय सहमति हुनु पर्ने अडान लिएका छन्।

फागु ८ मा बसेको माओवादी केन्द्र पदाधिकारी बैठकले भने राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्ने जिम्मा अध्यक्ष प्रचण्डलाई दिइसकेको छ।

’एमालेले भने जस्तो परिस्थिति अब छैन, राष्ट्रिय राजनीतिक परिस्थिति पुस २६ गतेपछि बदलिइसकेको छ’, उक्त बैठकपछि माओवादी उपाध्यक्ष एवम् प्रवक्ता कृष्णबहादुर महराले भनेका थिए, ’हामीले राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्ने निर्णय लिइसकेका छौं। अब राष्ट्रपतिबारे निर्णय लिने जिम्मा अध्यक्ष प्रचण्डकहाँ गइसकेको छ।’

माओवादीले त्यही दिन अहिलेको गठबन्धन कायम राख्दै राष्ट्रपतिमा सहमति जुटाउने बीचको बाटो रोजेको थियो। यस्तोमा बुधबार बिहानैदेखि चिनियाँ राजदूत सोङले कम्युनिस्ट नेताहरुसँग अर्थपूर्ण संवाद थालेका छन्।

बुधबार बिहान चिनियाँ राजदूतसँग भएको एक घण्टा लामो छलफलबारे प्रधानमन्त्री प्रचण्डको सचिवालयले केही खुलाएको छैन। तर स्रोतका अनुसार उक्त भेटको मुख्य एजेन्डा राष्ट्रपति निर्वाचन नै थियो। ’छिमेकी भएका नाताले यहाँको राजनीतिक घटनाक्रममा चासो रहनु स्वभाविक हो’, प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले भने, ’अन्य समसामयिक विषय र दुई देशको सम्बन्धबारे पनि भेटमा चर्चा भएको छ।’

प्रचण्डले भेटैर चिनियाँ राजदूत बाहिरिएलगत्तै बालकोटबाट एमाले अध्यक्ष ओली बालुवाटार पुगे। जहाँ बिहान १० बजेर ४० मिनेटदेखि पौने १ बजेसम्म दुई नेताबीच लामो कुराकानी भयो।



कोटेश्वरमा माधव नेपाल र चिनियाँ राजदूत चेन सोङबीचको वार्ता। तस्बिर : माधव नेपालको सचिवालय

प्रचण्डले राष्ट्रपति निर्वाचनका लागि एमाले र कांग्रेस दुवैतिर खुट्टा राखिसकेको निष्कर्ष निकालेका ओलीले उक्त भेटमा दुई नाम प्रस्तुत गरेको स्रोतले जनाएको छ।

अध्यक्ष ओलीको सचिवालयका एक सदस्यका अनुसार राष्ट्रपतिका लागि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र एमाले उपाध्यक्ष सुवास नेम्वाङको नाम प्रस्तुत गरिएको छ।

’अध्यक्षले बालुवाटारमा प्रचण्डलाई राष्ट्रपतिका लागि माधवकुमार नेपालको नाम दिनु भएको छ’, ओलीको सचिवालयका एक सदस्यले भने, ’सुवास नेम्वाङको नामबारे पनि कुरा भएको हो। उहाँले नेपालको नाम राष्ट्रपतिका रुपमा अघि सार्नु भएको छ।’

पुस १रु० को समझदारी अनुसार राष्ट्रपतिका लागि प्रचण्ड एमाले उम्मेदवारको पक्षमा उभिने सम्भावना नदेखेपछि ओलीले नेपाललाई अघि सारेको बताइएको छ।ओलीले नेपालको नाम प्रस्तुत गरेर बालुवाटारबाट बालकोट फिरेपछि चिनियाँ राजदूत सोङ कोटेश्वर पुगेका छन्।

सोङले नेपालको कोटेश्वरस्थित निवासमै पुगेर छलफल गरेको उनका स्वकीय सचिवसमेत रहेका समाजवादी नेता मोहन गौतमले बताएका छन्।

नेपालसँगको छलफल पनि राष्ट्रपति निर्वाचनमै केन्द्रित थियो। यद्यपि नेपालको निजी सचिवालयले यसलाई शिष्टाचार भेटको संज्ञा दिएको छ। ओली र दाहालबीच बालुवाटारमा वार्ता सकिँदै गर्दा आलोकनगरमा एकीकृत समाजवादीको बैठक बसिरहेको थियो।

उक्त बैठकले अहिलेसम्म राष्ट्रपतिमा कसैको प्रस्ताव नआएकाले यसबारे ’च्याप्टर क्लोज’ भइसकेको कुरा प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताएका थिए।

त्यही बैठकपछि बोल्दै समाजवादीका सम्मानित नेता झलनाथ खनालले आजको बैठकमा अध्यक्ष नेपालले आफूलाई कुनै पनि दलबाट राष्ट्रपतिमा प्रस्ताव नआएको बताएका थिए। तर ओलीले त्यसअघि नै उनको नाम राष्ट्रपतिका लागि बालुवाटारमा दाहालसमक्ष प्रस्तुत गरिसकेका थिए।अध्यक्ष नेपालको सचिवालयले सार्वजनिक गरेको विवरणमा आलोकनगर बैठकपछि चिनियाँ र ाजदूतसँग वार्ता भएको हो।

’चिनियाँ राजदूत चेन सोङले पूर्व प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष माधवकुमार नेपालसककग शिष्टाचार भेटवार्ता गर्नु भएको छ’, नेपालको सचिवालयले भनेको छ, ’कोटेश्वर स्थित अध्यक्ष नेपालको निजी निवासमा आज दिउँसो भएको भेटमा राजदूतलाई स्वागत गर्दै कार्यकाल सफलताको शुभकामना दिनुभयो।’नेपाल खबरबाट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर


एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरको इन्टरनेट मार्केट टुडे फेरि बन्यो २०२३ को गुगल प्रिमियर पार्टनर




**खबर दर्पण समाचारदाता**

**फागुन १० गते, जनकपुर**
जनकपुरधामबाट सञ्चालित इन्टर नेट मार्केट टुडे फेरि सन् २०२३ गुगल प्रिमियर पार्टनरको उपाधि पाउन सफल भएको छ । इन्टर नेट मार्केट टुडेले यस वर्ष पनि २०२३ को उपाधि सफलता फूर्वक हासिल गरेको हो । धनुषाका अमित झाले सञ्चालन गरेको इन्टरनेट मार्केट टुडे एक दशकदेखि गुगल मार्फत डिजिटल मार्केटिङको काम गर्दै आइरहेको छ। इन्टरनेट मार्केट टुडे नेपालकै एक मात्र स्थापित गुगल प्रिमियर पार्टनर हो । केहि वर्ष यता वर्षेनी निरन्तर प्रिमियर पार्टनरको उपाधिमाथि पाउन सफल छ ।

यस संस्थाले व्यवसायहरूलाई उनीहरूको लक्षित दर्शकहरु संग लागत प्रभावी रूपमा पुग्न प्लेटफर्म प्रदान गर्दछ। यद्यपि, गुगल विज्ञापन अभियानहरू प्रबन्ध गर्नु व्यवसायहरूको लागि चुनौतीपूर्ण कार्य हो । त्यसैले गुगलले यसको प्रिमियर साझेदार कार्यक्रम प्रस्तुत गरेको छ।

यस कार्यक्रमले गुगल विज्ञापन अभियानहरू प्रबन्ध गर्न उत्कृष्टता प्रदर्शन गरेका कम्पनीहरूलाई मान्यता दिँदै आएको छ । सन् २०१३ मा झाले संचालन गरेको इन्टरनेट मार्केट टुडे नेपालकै गुगललाई फाइदा पुर्याउने एकमात्र ठूलो संस्था हो ।

छोटो अवधिमा नै इन्टरनेट मार्केट टुडे प्रतिष्ठित गुगल पार्टनर र प्रिमियर पार्टनर बन्न सफल भइसकेका छन्।

# बाल अधिकार सचेतना समुह वटेश्वरद्वारा 'बालविवाहले निम्ताएको समस्या' नाटक प्रदर्शन




**दिवेशकुमार महतो**

**फागुन १० गते, ढल्केवर**
स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने उदेश्यले धनुषाको एक सामुदायिक विधालय मा गठन गरिएको बाल क्लबको समुहले सडक नाटक प्रदर्शन गरेका छन्। मानव अधिकार शिक्षा कार्यक्रम अन्तर्गत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशले धनुषाको वटेशवर गाउँपालिका - ४ मा रहेको श्री शिवशक्ति माध्यमिक विद्यालय वटेशवर मा गठन गरिएको बाल अधिकार संचेतना समुह बाट सोहि गाँउपालिकाको वटेशवर बजार मा बुधबार सडक नाटक प्रदर्शन गरेका छन्।

"बालविवाहले निम्ताएको समस्या" नामँक नाटक मा समुदायमा दाइजो प्रथा यथावतै रहेको कारणले छोरी लाई चाडै विवाह गर्ने र छोरीलाई संसार देख्न बाट वञ्चित गर्ने नियतले महिलाको कोखमै बच्चा मार्ने सम्मको क्रियाकलाप हाम्रो समुदायमा यथावत रहेको कुरा दर्साउन खोजेको थियो। छोरा जन्मिए स्विकार गर्ने र तामझाम का साथ स्वागत गर्ने किनकि छोराले बिहेमा दाइजो लिएर घर भर्ने गर्छन् तर छोरी हुन लागेको खबर सुन्ने बित्तिकै आमाको कोखमै मार्ने प्रयास भइरहेकोले यस प्रति सचेत हुन आम जनसमुदायलाई नाटक मार्फत् सन्देश दिन खोजिएको थियो।

नाटकको मुख्य सन्देश महिला सशक्तिकरण र बालविवाहले निम्ताएको समस्या बारे रहेको थियो। बाल क्लव का अध्यक्ष उमा कुमारी महतो द्वारा लिखित नाटक प्रदर्शन कार्यक्रम मा श्री शिव शक्ति माध्यमिक विद्यालय वटेशवर का प्रधानाध्यापक प्रमोद शरण केवट,, इन्सेक को धनुषा जिल्ला सहजकर्ता अनिता यादव , शिव शक्ति माविका वटेशवर का शिक्षक-शिक्षिका,बाल क्लब का प्रतिनिधिहरु सहित विधार्थीहरु को उपस्थिति रहेको थियो ।

# जनकपुरमा 'अन्तर कलेजस्तरीय क्रिकेट प्रतियोगिता'

**दिपक कर्ण**

**फागुन १० गते, जनकपुर**
जनकपुरधाममा 'अन्तर कलेज स्तरीय क्रिकेट प्रतियोगिता'को आयोजना हुन लागेको छ। विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता सम्पन्न भएको एक महिना नबित्दै यहाँ पुनः फागुन १६ गतेदेखि अन्तर कलेज स्तरीय क्रिकेट प्रतियोगिता हुन लागेको हो ।




जनकपुर क्रिकेट एकेडमीको आयोजनामा स्थानीय रंगभूमि मैदानमा उक्त प्रतियोगिता हुने भएको छ । बुधबार जनकपुर धाममा पत्रकार सम्मेलनको आयोजना गरी राष्ट्रिय क्रिकेट टिमका खेलाडीसमेत रहेका मधेस प्रदेश क्रिकेट टिमका कप्तान हरि शंकर साहले प्रतियोगितामा जनकपुरधामका निजी तथा सामुदायिक कलेजहरूको सहभागिता रहने जानकारी दिएका छन् ।

लिगको आधारमा हुने प्रतियोगिताहरूमा जनकपुरधाम तथा आसपासका कलेजहरूले भाग लिने उनले बताए। प्रतियोगितामा पहिले आउने १६ वटा टिमलाई सहभागी गराइने र त्यसभन्दा बढी संख्या भए क्वालिफाइङ प्रोसेसको आधारमा छनोट गरिने साहले जानकारी दिए ।

प्रतियोगितामा सहभागिताका लागि अहिलेसम्म १२ वटा टिमले दर्तासमेत गराइसकेको प्रतियोगिताका संयोजक प्रशान्त अरविन्दले जानकारी दिए ।

उनले खेलप्रति रुचि जगाउन र मानसिक तथा शारीरिक रुपमा मजबुत बनाउन तथा क्रिकेटप्रतिको आकर्षण बढाउने उद्देश्यका साथै प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिए । भोलिको दिनमा क्रिकेट खेलमा युवाहरूलाई अवसरलाई प्रदान गर्नु पनि यस प्रतियोगिताको मुख्य उद्देश्य रहेको उनले बताए ।

प्रतियोगिताका विजेता र उप-विजेतालाई आकर्षक ट्रफी प्रदान गर्नुका साथै बेस्ट फिल्डर, बेस्ट बलर, बेस्ट ब्याटसम्यान र बेस्ट किपरलाई पनि प्रोत्साहन स्वरुप प्रमाणपत्रसहित कप दिइने धनुषा क्रिकेट संघका उपाध्यक्ष आकाश पाण्डेले जानकारी दिए ।

यसअघि विद्यालय स्तरीय क्रिकेट प्रतियोगिताबाट उत्कृष्ट खेलाडीलाई

# क्षिरिश्वरनाथमा पाँचौ राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सुरु




**खबर दर्पण समाचारदाता**

**फागुन १० गते, महेन्द्रनगर**
धनुषाको क्षिरेश्वरनाथमा पाँचौ अन्तर विद्यालय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सुरु भएको छ । क्षिरेश्वरनाथ उच्च माविको आयोजनामा नगरपालिकाका वडाध्यक्षहरुबीच दौड प्रतियोगिता गराउँदै प्रतियोगिता बुधबारबाट सुरु भएको हो ।

उद्घाटन खेलमा नगर प्रमुख र उपप्रमुखद्धारा सटपुट तथा वडा अध्यक्षहरुले १०० मिटरको दौडको प्रतिस्पर्धा गरेका थिए । क्षिरेश्वर माध्यमिक विद्यालयको खेल मैदानमा तीन दिनसम्म हुने प्रतियोगितामा सटपुट, एथलेटिक्स, भलिबल, कवडी, हाइ जम्प, दौड खेल संञ्चालन हुने आयोजक पक्षले जनाएको छ ।

'स्वास्थ्यका लागि खेलकुद राष्ट्रको लागि खेलकुद' भन्ने मुल नाराका साथ नेपाल सरकार, यूवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषदको संयोजकत्वमा आयोजित प्रतियोगितामा क्षिरेश्वरनाथ नगरपालिका भित्रका १२ वटा विद्यालयका करिब ३ सय भन्दा बढी विद्यार्थीहरुले भाग लिएका छन् ।




आफ्नो गाईभैंसीलाई कृत्रिम गर्भाधान गराई उन्नत किसिमका पाडा-पाडी, बाछा-बाछी उत्पादन गरी दुध उत्पादन बढाऔं ।
हिउँद तथा वर्षे घाँसको विकास गरौं र उन्नत किसिमका घाँसको स्रोत केन्द्र स्थापना गरी आत्मनिर्भर बनौं । पशु बिमा गरी पशुधनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**जनकपुरधाम, धनुषा**

